नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फोन नं. ०१-४२११२४५
इमेलः-nagarikta@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः- ८४२०७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २५४

मितिः२०८२।०७।२३
ने.सं. ११४६

**विषयः आवश्यक कार्यार्थ।**

**श्री जिल्ला प्रशासन कार्यालय, सबै ।**

**श्री इलाका प्रशासन कार्यालय, सबै ।**

**श्री सीमा प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा राष्ट्रिय दलित आयोग, अधिकार प्रवर्धन तथा सशक्तिकरण शाखाको च.नं. ७०, मिति २०८२/०६/२७ को पत्रानुसार दलित समुदायका सेवाग्राहीहरुको नागरिकता प्रमाणपत्रमा थर संशोधन गरी प्रतिलिपि माग गर्दा हाल प्रचलनमा रहेको अनुसूचीबाट सरल र सहज रुपमा थर संशोधन गरिदिनका लागि लेखी आएको पत्र पाना-१ (एक) यसै साथ संलग्न छ । विस्तृत व्यहोरा संलग्न पत्रबाटै अवगत गरी सो पत्रमा उल्लेख भए बमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

८२।७।२२

(अरुण राई)
शाखा अधिकृत

**बोधार्थः**

श्री राष्ट्रिय दलित आयोग,
कुपण्डोल, ललितपुर ।

# राष्ट्रिय दलित आयोग
## National Dalit Commission
### (अधिकार प्रवर्धन तथा सशक्तीकरण शाखा)

प.सं.-२०८२/०८३
च.नं. ७०

मिति: २०८२/०६/२७

विषय: आवश्यक कार्यार्थ।

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा आयोगको मिति २०८२/०६/२६ गतेको बैठकबाट तपसिल बमोजिमको निर्णय भएकोले आवश्यक कार्यार्थ तहाँ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

तपसिल:

"दलित समुदायका सेवाग्राहीहरूले नागरिकता प्रमाणपत्रमा आफ्नो थर संशोधन गरी नागरिकता प्रतिलिपि प्राप्त गर्न जाँदा केही जिल्ला प्रशासन कार्यालयहरूबाट सेवाग्राहीहरूलाई आयोगको सिफारिस पत्र पेस गर्न माग गर्ने गरेको हुँदा गृह मन्त्रालयको च.नं.५३, मिति २०६३/०४/२२ गतेको परिपत्र बमोजिम हिनताबोध हुने थरको सट्टामा आयोगले निर्दिष्ट गरेका थरहरू राखी नागरिकता प्रमाणपत्र संशोधन गरी प्रतिलिपि दिन सक्ने व्यहोरा उल्लेख भएको साथै हाल प्रचलनमा रहेको विद्यमान दलित जातीय अनुसूची विवरणबाट दलित थर पहिचान/प्रमाणित प्राय सबै जिल्लाबाट निर्विवाद भइ रहेको तर कतिपय जिल्लाबाट यस आयोगको सिफारिस माग गर्दा सेवाग्राहीलाई सेवा प्राप्त गर्दा समय, खर्च वढी हुनुका साथै दुःख तथा हैरानी भइ रहेको हुँदा सम्पूर्ण जिल्ला प्रशासन कार्यालयहरूलाई सरल र सहज रूपमा हाल प्रचलनमा रहेको अनुसूचीबाट थर संशोधन कार्य गरिदिन परिपत्र हुन गृह मन्त्रालयमा लेखि पठाउने।"

संलग्न:

१. आयोगको च.नं.६९, मिति २०८२/०६/२३ को पत्र र संलग्न कागजातहरूको छायाप्रति पाना-३

(गोपाल श्रेष्ठ)
शाखा अधिकृत

कुपण्डोल, ललितपुर, फोन नं.- ०१-५४३११४८, ०१-५४३३६५०
Kupondol, Lalitpur. E-mail: info@ndc.gov.np, web: www.ndc.gov.np